**प्रदेश लोक सेवा आयोग**

**सुदूरपश्चिम प्रदेश**

प्रदेश र स्थानीय तह अप्राविधिक तर्फका प्रशासनसेवा (सामान्य प्रशासन, लेखा र राजश्व समूह), न्याय सेवा र लेखापरीक्षण सेवा, सहायकस्तर पाँचौं तहका पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवम् परीक्षा प्रणाली (योजना)

**पाठ्यक्रमको रुपरेखा :-** संयुक्त र एकीकृत परीक्षा प्रणाली (Integrated & Unified Examination System) को आधारमा निम्न अनुसार हुने छ।

**भाग : १ लिखित परीक्षा (Written Examination)**

प्रथम चरण — पूर्णाङ्क :- १००

द्वितीय चरण — पूर्णाङ्क :- २००

**भाग : २ अन्तिम चरण ( Final Examination)**

कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता — पूर्णाङ्क :- ४५

**लिखित परीक्षा योजना ( Written Examination Scheme)**

**१. लिखित परीक्षा :- प्रथम चरण (First Phase)**

**तालिका (१)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या × अंक | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (General Knowledge & General Mental Ability Test) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | ५० प्रश्न × २ अंक | ४५ मिनेट |

**२. लिखित परीक्षा :- द्वितीय चरण (Second Phase)**

**तालिका (२)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या × अंक | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन (Contemporary Studies & Public Service Management) | १०० | ४० | विषयगत (Subjective) : छोटो र लामो उत्तर (Short & Long Answers) | १४ प्रश्न × ५ अंक<br>३ प्रश्न × १० अंक | २ घण्टा ३० मिनेट |
| तृतीय | सेवा – समूह सम्बन्धी (Service- Group Related Subject) | १०० | ४० | विषयगत (Subjective) : छोटो र लामो उत्तर (Short & Long Answers) | सम्बन्धित पाठ्यवस्तुमा दिइए अनुसार | २ घण्टा ३० मिनेट |

**३. अन्तिम चरण – कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता ( Computer Skill Test & Interview)**

**तालिका (३)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | १५ मिनेट |
| व्यक्तिगत अन्तरवार्ता (Interview) | ३५ | मौखिक (Oral) | |

**द्रष्टव्य:**

१. यो पाठ्यक्रम योजनालाई संयुक्त र एकीकृत परीक्षा प्रणालीको आधारमा अप्राविधिक तर्फ प्रशासन सेवा (सामान्य प्रशासन, लेखा र राजश्व समूह), न्याय सेवा र लेखापरीक्षण सेवाका लागि **लिखित परीक्षा (प्रथम चरण र द्वितीय चरण) तथा अन्तिम चरण (कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता)** गरी दुई भागमा विभाजन गरिएको छ।

२. **तालिका (१) र तालिका (२)** मा दिइएको अनुसारको लिखित परीक्षा माथि उल्लेखित सबै सेवाका सबै समूहको लागि अनिवार्य हुनेछ।

३. माथि उल्लेखित सेवाका सबै समूहको लागि प्रथम र द्वितीय पत्र/विषयको विषयवस्तु एउटै (Common) र अनिवार्य हुने छ तर तृतीय पत्र यसै पाठ्यक्रममा उल्लेख भए बमोजिम हुनेछ।

४. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अँग्रेजी अथवा नेपाली र अँग्रेजी दुबै हुने छ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बाफत २० (बीस) प्रतिशत अंक कट्टा गरिने छ। तर उत्तर नदिएमा त्यस बाफत अंक दिइने छैन र अंक कट्टा पनि गरिने छैन।

६. वस्तुगत बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाईने छैन।

७. परीक्षामा सोधिने प्रश्न संख्या, अंक र अंकभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिएको अनुसार हुने छ।

८. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिका हुनेछन् । परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नु पर्नेछ।

९. यस पाठ्यक्रम योजना अन्तरगतका पत्र/ विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडीसंसोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१०. **प्रथम चरण (FirstPhase)कोलिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरण (Second Phase) को लिखित परीक्षामा सम्मिलित गराइने छ।**

११. लिखित परीक्षाको प्रथम चरण (First Phase) मा प्राप्त गरेको प्राप्ताङ्कको शत प्रतिशत अंक तथा द्वितीय चरण (Second Phase) को प्राप्ताङ्क जोडी कूल अंकको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिने छ।

१२. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको कम्पयुटर सीप परीक्षण र अन्तरवार्तामा सम्मिलित गराइने छ।

१३. लिखित परीक्षा, अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तरवार्ताको कूल अंक योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिने छ।

१४. यो पाठ्यक्रम **मिति २०७९।०८।२१गते बुधवार देखि** लागु हुने छ।

## भाग–१ लिखित परीक्षा (Written Examination)

### प्रथम पत्र :- सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

**१. सामान्य ज्ञान** **३० प्रश्न × २ अंक = ६० अंक**

**१.१ ब्रह्माण्ड सम्बन्धी जानकारी**

१.१.१ सौर्यमण्डल : सूर्य, ग्रह, उपग्रह, शिशुग्रह, उल्का, धूमकेतु/पुच्छ्रेताराहरु

१.१.२ पृथ्वी : परिचय, उत्पति र गति

**१.२ विश्वको भुगोल**: महादेश, महासागर, ध्रुब, अक्षांस, देशान्तर, अन्तर्राष्ट्रिय तिथि रेखा, समय, दूरी, पर्वत श्रृङ्खला, मरुभूमी,भूकम्प, ज्वालामुखी , नदी, हिमनदी, ताल, हिमताल, जलवायु, व्यापारिक वायु, मनसुन

**१.३ नेपालको भूगोल**

१.३.१ धरातलीय स्वरुपको किसिम, विशेषताहरु

१.३.२ प्राकृतिक स्रोतहरु : किसिम, उपलब्धी, वर्तमान अवस्था

१.३.३ भौगोलिक विविधता र जनजीवन, हावापानी

१.३.४ सुदूरपश्चिम प्रदेशको धरातलीय स्वरुप, प्राकृतिक स्रोतहरु, भौगोलिक विविधता, जनजीवन तथा आर्थिक सामाजिक क्रियाकलाप

**१.४ विश्वको इतिहास**: म्याग्नाकार्टा, औद्यौगिक क्रान्ति, फ्रान्सको राज्य क्रान्ति, अमेरिकी स्वतन्त्रता संग्राम, रुसी/अक्टोबर क्रान्ति, प्रथम र द्वितीय विश्वयुद्ध तथा भारतीय स्वतन्त्रता संग्राम, घटना, कारण र परिणामहरु

**१.५ नेपालको इतिहास ( प्राचिन काल देखि हाल सम्म)**

१.५.१ किँरातकाल, लिच्छविकाल र मध्यकाल: सामाजिक, आर्थिक एवम् राजनीतिक अवस्था

१.५.२ आधुनिक इतिहास: राजनीतिक घटनाक्रम, कारण र परिणामहरु

**१.६ नेपालको सामाजिक एवम् सांस्कृतिक अवस्था**

१.६.१ प्रथा, परम्परा, मूल्य मान्यता, धर्म, जानजाति, भाषाभाषी, संस्कृती, कला, साहित्य, संगीत

१.६.२ सांस्कृतिक सम्पदाको किसिम, विशेषता र महत्व

१.६.३ सुदूरपश्चिम प्रदेशका प्रथा, परम्परा, मूल्य मान्यता, जनजाति, भाषाभाषी, धर्म, संस्कृति, कला, साहित्य, संगीत

**१.७ नेपालको आर्थिक अवस्था**

१.७.१ विकासका पूर्वाधारहरु (कृषि, उद्योग, व्यापार, पर्यटन, यातातात, संचार, शिक्षा, स्वास्थ्य, विद्युत) र विकास योजना

१.७.२ सुदूरपश्चिम प्रदेशको विकास पुर्वाधार, विकास योजना र विकासको अवस्था

**१.८ विज्ञान प्रविधि र स्वास्थ्य सम्बन्धी सामान्य जानकारी**

१.८.१ विज्ञान प्रविधिको विकासबाट मानव जीवनमा परेको प्रत्यक्ष प्रभाव

१.८.२ जैविक प्रविधि, सुचना तथा सञ्चार प्रविधि र वैकल्पिक उर्जा

१.८.३ क्रमविकास, वंशाणु, स्वास्थ्य, रोग, खोप, खाद्य, पोषण र सरसफाई

**१.९ पारिस्थितिक पद्धति र वातावरण**

१.९.१ पारिस्थितिक पद्धतिको परिचय र प्रकार तथा जीव भू-रासायनिक चक्र

१.९.२ दिगो विकास, जैविक विविधता, दुर्लभ पशुपन्छी र वनस्पतिहरु, विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, हरितगृह प्रभाव, ओजोन विनास, वातावरण प्रदुषण, जनसंख्या, शहरीकरण, बसाईसराइ

**१.१० अन्तर्राष्टिय सम्बन्ध तथा संघ/संस्था**

१.१०.१ नेपालका छिमेकी देशहरु तथा बेलायत, अमेरिका, जापान संगको सम्बन्ध

१.१०.२ संयुक्त राष्ट्र संघ : अंग, विशिष्टिकृत संस्था र गतिविधिहरु

१.१०.३ क्षेत्रीय संगठन : सार्क, बिमस्टेक, आसियान

१.११ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, खेलकुद, पुरस्कार, कला, साहित्य, संगीत लगायत समसामयिक घटना तथा नबिनतम् गतिविधिहरु र महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरु सम्बन्धी जानकारी

**२. सामान्य बौद्धिक परीक्षण** **२० प्रश्न × २ अंक = ४० अंक**

**२.१ शाब्दिक तार्किक परीक्षण**

बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ डिकोडिङ, अक्षर/संकेत मिलाउने, दिशा र दूरी ज्ञान परीक्षण, तार्किक विश्लेशण, श्रेणीक्रम (पंक्तिक्रम), भनाइ र कारण, आगमन, निगमन, कार्य/अवस्थाको सिलसिला

**२.२ मात्रात्मक ( संख्यात्मक वा अंक सम्बन्धी ) तार्किक परीक्षण**

अनुक्रम,(श्रेणीक्रम), समरुपता, वर्गीकरण, कोडिङ, छोडिएका संख्या (अक्षर/ संकेत), मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्याङ्क व्याख्या, तथ्याङ्क रुजु, अंकगणितीय तर्क/क्रिया सम्बन्धी, प्रतिशत, भिन्न, दशमलव, अनुपात, औषत, नाफा, नोक्सान, मिति, समय र काम

**२.३ अशाब्दिक तार्किक परीक्षण**

अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण, तार्किक चित्रात्मक विश्लेशण, भेन चित्र, मेट्रिक्स चित्र, त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेशण, विन्दु स्थान र स्थिति, पानीमा देखिने आकृति, ऐनामा देखिने आकृति, अन्तरनिहित आकृति, चित्रको स्थानान्तरण

*************

प्रथमपत्र सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण विषयका पाठ्यक्रम एकाइहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुने छ। सामान्य ज्ञान यथासंभव क्रमश : Level 1 का ६० प्रतिशत र Level 2 का ४० प्रतिशत प्रश्नहरु सोधिने छन।

| प्रथम पत्र | सामान्य ज्ञान | | | | | | | | | | | सामान्य बौद्धिक परीक्षण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अंकभार | ६० | | | | | | | | | | | ४० | | |
| एकाई | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | १.९ | १.१० | १.११ | २.१ | २.२ | २.३ |
| प्रश्न संख्या | १ | २ | ४ | १ | २ | ४ | ३ | ३ | ३ | २ | ५ | ६ | ८ | ६ |
| जम्मा प्रश्न | (Level 1 = 18 र Level 2 = 12) जम्मा ३० | | | | | | | | | | | २० | | |

**Level 1 Questions**

(चार विकल्प मात्र भएका सामान्य बहुवैकल्पिक प्रश्नहरु)

**Level 2 Questions**

(चार भन्दा बढि विकल्प हुन सक्ने तर विकल्प मात्र प्रदान गरिएका बहुवैकल्पिक स्वरुपका ठिक-बेठिक , जोडा मिलाउने, खाली ठाउँ भर्ने, कारण र प्रभाव सम्बन्ध प्रश्नहरु, नमिल्दो छुट्याउने प्रश्नहरु)

**समाप्त**

**प्रदेश लोक सेवा आयोग**

**सुदूरपश्चिम प्रदेश**

प्रदेश र स्थानीय तह अप्राविधिक तर्फका प्रशासन सेवा (सामान्य प्रशासन, लेखा र राजश्व समूह), न्यायसेवा र लेखापरीक्षण सेवा, सहायकस्तर पाँचौं तहका पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**द्वितीय पत्र**

समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

(Contemporary Studies & Public Service Management)

**खण्ड (A) : ३५ अंक**

| |
|---|
| ५ प्रश्न × ५ अंक = २५ अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**१. नेपालको भौगोलिक, सामाजिक र आर्थिक अवस्था**

१.१ भौगोलिक अवस्था/स्वरुप : किसिम र विशेषताहरु

१.२ राजनीतिक भूगोल

१.३ हावापानी र जलसम्पदा : स्थिति र महत्व

१.४ वनसम्पदा : अवस्था र महत्व तथा वन विनासका कारण र संरक्षणका उपायहरु

१.५ प्रचलित प्रमुख धर्म, जातजाति, भाषाभाषी र संस्कृति

१.६ सुदूरपश्चिम प्रदेशको संस्कृति, धर्म, जातजाति, भाषा आदि

१.७ सुदूरपश्चिम प्रदेशको आर्थिक विकासका पक्षहरु : प्रदेशको कृषि, उद्योग, व्यापार, पर्यटन, रोजगार र पूर्वाधारको अवस्था र आर्थिक विकासको मुख्य आधार

१.८ आर्थिक विकासका सम्बाहकहरु : सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्र

१.९ योजनाबद्ध विकासक्रम र सुदूरपश्चिम प्रदेशको आवधिक योजनाको जानकारी

१.१० जनसंख्या ब्यवस्थापन, शहरीकरण र बसाईसराइ तथा सुदूरपश्चिम प्रदेशमा शहरीकरण र बसाईसराइको अवस्था

१.११ वातावरण व्यवस्थापन, जैविक विविधता, वातावरण प्रदूषण, जलवायु परिवर्तन र दिगो विकास

१.१२ ज्वलन्त विषयहरु : गरीबी, बेरोजगारी, जनस्वास्थ्य, खाद्य सुरक्षा, सामाजिक सुरक्षा, उर्जा संकट, सूचना प्रविधि, लैंगिक हिंसा र सामाजिक संजाल

१.१३ सुदूरपश्चिम प्रदेश रराष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका समसामयिक गतिविधिहरु

**खण्ड (B) : ३५ अंक**

| |
|---|
| ५ प्रश्न × ५ अंक = २५ अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**२. नेपालको संवैधानिक व्यवस्था र सरकार**

२.१ नेपालको संविधान

२.१.१ नेपालको संविधानका मूलभुत विशेषताहरु

२.१.२ मौलिक हक र कर्तब्य, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व

२.१.३ राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड

२.१.४ कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका

२.१.५ संघ, प्रदेश, स्थानीय तहको एकल तथा साझा अधिकार

२.२ नेपालमा संघीयता, संघीय, प्रादेशिक र स्थानीय सरकार

२.३ नागरिकहरुको दायित्व र कर्तब्य, नागरिक समाज र नागरिक शिक्षा

२.४ समावेशीकरण र समानुपातिक प्रतिनिधित्व

२.५ लोकतन्त्र र मानव अधिकार

२.६ सूचनाको हक र पारदर्शिता

२.७ विद्युतीय शासन (E-governance)

२.८ सुशासन, सदाचार प्रवर्धन, भ्रष्टाचार नियन्त्रण र भ्रष्टाचार निवारण सम्बन्धी कानूनी तथा संस्थागत ब्यवस्था

२.९ निर्वाचन प्रणाली, निर्वाचन चक्र, मतदाता, मतदान र निर्वाचन व्यवस्था सम्बन्धी सामान्य जानकारी

**खण्ड (C) : ३० अंक**

| |
|---|
| ४ प्रश्न × ५ अंक = २० अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**३. सार्वजनिक सेवा संचालन र व्यवस्थापन**

३.१ कार्यालय व्यवस्थापन

३.१.१ कार्यालय, कार्यालय व्यवस्थापनको अवधारणा र महत्व

३.१.२ अभिलेख व्यवस्थापनको परिचय, उद्देश्य, आवश्यकता र महत्व

३.१.३ कार्यालयमा संचारको महत्व, प्रकार र माध्यम

३.१.४ कार्यालयमा व्यवस्थापन सूचमा प्रणाली (MIS) को आवश्यकता र महत्व

३.२ लेखा प्रणाली र राजश्व प्रशासन

३.२.१ सरकारी लेखा प्रणाली र लेखा परीक्षण सम्बन्धी सामान्य जानकारी

३.२.२ सरकारको आर्थिक कार्य प्रणालीको जानकारी

३.२.३ जिन्सी स्रेस्ता प्रणाली, राजश्व स्रेस्ता प्रणाली र धरौटी स्रेस्ता प्रणाली

३.२.४ राजश्व प्रशासन (कर, भन्सार, अन्तःशुल्क), सुदूरपश्चिम प्रदेशको राजश्वको आधार र यसको परिचालन

३.२.५ सरकारी बजेट सम्बनधी जानकारी

३.३ निजामती सेवा

३.३.१ नेपालको निजामती सेवाको गठन, पदपुर्ति गर्ने तरिका र प्रक्रियाहरु, सेवा सुबिधा, आचरण, सजाय र वृति विकास सम्बन्धी निजामती सेवा ऐन र नियमावलीमा भएका व्यवस्थाहरु

३.३.२ निजामती सेवामा जनशक्ति योजना, विकास र व्यवस्थापन

३.३.३ प्रदेश र स्थानीय सेवा

३.४ सार्वजनिक सेवा प्रवाह

३.४.१ सार्वजनिक सेवा प्रवाहको अर्थ र महत्व

३.४.२ सार्वजनिक सेवा प्रवाह गर्ने निकाय, तरिका/माध्यमहरु

३.४.३ सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका र सेवाग्राहीको अधिकार, कर्तब्य तथा दायित्व

३.४.४ सुदुरपश्चिम प्रदेशमा सार्वजनिक सेवा प्रवाह गर्ने मुख्य निकाय (प्रदेश र स्थानीय तह), तरिका/माध्यमहरु र दायित्व

**द्रष्टव्य :** उल्लेखित विषय संग सम्बन्धित संवैधानिक व्यवस्था र सम्बन्धित ऐन तथा नियमावलीका बारेमा सामान्य जानकारी राख्नु पर्ने छ।

यो पाठ्यक्रम **मिति २०७९।०८।२१गते बुधवार देखि** लागु हुने छ।

**प्रदेश लोक सेवा आयोग**

**सुदूरपश्चिम प्रदेश**

प्रदेश र स्थानीय तह अप्राविधिक तर्फका प्रशासन सेवा (सामान्य प्रशासन, लेखा र राजश्व समूह), न्यायसेवा र लेखापरीक्षण सेवा, सहायकस्तर पाँचौं तहका पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**तृतीय पत्र : सेवा समूह सम्बन्धी**

**(प्रशासन सेवा, सामान्य प्रशासन समूह र न्याय सेवा, कानून समूहका लागि)**

**खण्ड (A) : २५ अंक**

| |
|---|
| ३ प्रश्न × ५ अंक =१५ अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**१. कार्यालय संचालन र संगठनात्मक व्यवहार**

१.१ दर्ता, चलानी, फाईलिङ र पत्र व्यवहार
१.२ टिप्पणी, प्रस्ताव र प्रतिवेदन लेखन
१.३ जनसम्पर्क व्यवस्थापन
१.४ सेवाग्राहीको गुनासो व्यवस्थापन
१.५ बैठक व्यवस्थापन र निर्णय लेखन
१.६ गोष्ठी, कार्यशाला र सेमिनार व्यवस्थापन
१.७ अभिलेख व्यवस्थापन
१.८ मासिक प्रगती/वार्षिक प्रगती सम्बन्धि व्यवस्थापन
१.९ जिन्सी स्रेस्ताको परिचय र महत्व
१.१० माग फारम, खरिद आदेश, दाखिला रिपोट र जिन्सी खाता सम्बन्धि जनकारी
१.११ कार्य विवरण र अधिकार प्रत्यायोजन
१.१२ कार्यालय निरीक्षण र अनुगमन
१.१३ प्रशासकीय कार्य फछौंट सम्बन्धी व्यवस्था
१.१४ संगठनात्मक मान्यता र मर्यादा प्रणाली (Status System)

**खण्ड (B) : २५ अंक**

| |
|---|
| ३ प्रश्न × ५ अंक =१५ अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**२. प्रशासन र व्यवस्थापन**

२.१ सार्वजनिक प्रशासनको परिचय, उद्देश्य र कार्यहरु
२.२ सार्वजनिक प्रशासन र विकास प्रशासन
२.३ सुदूरपश्चिम प्रदेश निजामती कर्मचारीको नियुक्ती, काज, सरुवा, बिदा, आचरण, अवकाश र विभागीय सजाय
२.४ संगठनको परिचय, उद्देश्य, स्वरुप र संगठनका आधारहरु
२.५ देहायका संगठनको परिचय र कार्यहरु
    २.५.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोग
    २.५.२ महालेखा परीक्षकको कार्यालय
    २.५.३ संघीय तथा सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग
    २.५.४ निर्वाचन आयोग
    २.५.५ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
    २.५.६ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश

२.५.७ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

२.५.८ प्रदेश सभा, सुदूरपश्चिम प्रदेश

२.६ व्यवस्थापनको परिचय, अवधारणा, उद्देश्य, क्षेत्र र कार्यहरु

२.७ नेतृत्व, निर्णय, उत्प्रेरणा र मनोबल

२.८ नियन्त्रण र समन्वयको आवश्यकता र महत्व

२.९ समूह गतिशिलता

२.१० संगठनात्मक परिवर्तन र विकास

२.११ समय व्यवस्थापनको महत्व

**खण्ड (C) : २५ अंक**

| |
|---|
| ३ प्रश्न × ५ अंक =१५ अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**३. कानून सम्बन्धी सामान्य जानकारी**

३.१ कानूनको अर्थ र महत्व

३.२ कानूनका स्रोतहरु

३.३ कानूनी राज्यको अवधारणा र महत्व

३.४ प्राकृतिक न्यायको सिद्धान्तको परिचय

३.५ सारवान कानून र कार्यविधि कानूनको परिचय र भिन्नता

३.६ मुलुकी देवानी संहिता २०७४ र मुलुकी अपराध संहिता २०७४ वीच भिन्नता र तिनका विशेषताहरु

३.७ लिखतमा पुरयाउनु पर्ने रित

३.८ हद म्याद र तारिखको परिचय

३.९ प्रमाणको परिचय (मौखिक प्रमाण, लिखित प्रमाण र दशी प्रमाण)

३.१० स्थानीय तह न्यायिक समितिको अधिकार क्षेत्र र मेलमिलाप

३.११ फैसलाको परिचय, ढाँचा र फैसलामा उल्लेख गर्नु पर्ने कुराहरु

**खण्ड (D) : २५ अंक**

| |
|---|
| ३ प्रश्न × ५ अंक =१५ अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**४. सार्वजनिक सेवा व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था**

४.१ स्थानीय सरकार संचालन ऐन, २०७४

४.२ स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५, सुदूरपश्चिम प्रदेश

४.३ प्रदेश विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, सुदूरपश्चिम प्रदेश

४.४ सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५

४.५ प्रदेश लोक सेवा आयोग ऐन २०७६, सुदूरपश्चिम प्रदेश

४.६ सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५

४.७ संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

४.८ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४

४.९ सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९

४.१० सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली

**द्रष्टव्य :** उल्लेखित विषय संग सम्बन्धित संवैधानिक व्यवस्था र सम्बन्धित ऐन तथा नियमावलीका बारेमा सामान्य जानकारी राख्नु पर्ने छ।

यो पाठ्यक्रम **मिति २०७९।०८।२१गते बुधवार देखि** लागु हुने छ।

**प्रदेश लोक सेवा आयोग**

**सुदूरपश्चिम प्रदेश**

प्रदेश र स्थानीय तह अप्राविधिक तर्फका प्रशासन सेवा (सामान्य प्रशासन, लेखा र राजश्व समूह), न्यायसेवा र लेखापरीक्षण सेवा, सहायकस्तर पाँचौं तहका पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**तृतीय पत्र : सेवा समूह सम्बन्धी**

**(लेखापरीक्षण सेवा र प्रशासन सेवा, लेखा समूहका लागि)**

**खण्ड (A) : ३० अंक**

| |
|---|
| ४ प्रश्न × ५ अंक =२० अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**१. आर्थिक प्रशासन सम्बन्धी व्यवस्थापन**

१.१ बजेट अनुमान, स्वीकृती तथा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA) र निकासा सम्बन्धि जानकारी

१.२ खर्च लेखांकन र प्रतिवेदन

१.३ सार्वजनिक क्षेत्र लेखामान (Public Sector Accounting Standard)

१.४ खाता सूची (Charts of account ), एकल कोष खाता (TSA) कम्प्युटराइज्ड सरकारी लेखा प्रणाली (CGAS) र निकासा प्रणाली

१.५ दोहोरो लेखा प्रणाली, नगत र प्रोदभावी आधारित लेखा प्रणाली

१.६ लेखा फाराम : गोश्वरा भौचर, बैक नगदी किताब, बजेट सिट, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण, बैक हिसाब विवरण, आर्थिक विवरण सम्बन्धी जानकारी

१.७ लेखा प्रमुखको काम, कर्तब्य र अधिकार एवम् आर्थिक अनुसासनमा लेखा प्रमुखको भूमिका

**खण्ड (B) : ३० अंक**

| |
|---|
| ४ प्रश्न × ५ अंक =२० अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**२. सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी जानकारी**

२.१ सार्वजनिक खरिद व्यवस्थापनको उद्देश्य र सिद्धान्त

२.२ खरिद कार्यको जिम्मेवारी र खरिद विधि

२.३ खरिद सम्झौता कार्यान्वयन

२.४ खरिद व्यवस्थापनमा आचरण सम्बन्धी व्यवस्था

२.५ खरिद कार्यको अनुगमन

२.६ सार्वजनिक खरिद सम्बन्धी कानूनी व्यवस्था

२.७ सार्वजनिक खरिद अनुगमन प्रणाली

**३. जिन्सी व्यवस्थापन**

३.१ सरकारी सम्पतीको जिम्मा, लगत र संरक्षण

३.२ जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन

३.३ बरबुझारथ व्यवस्था

३.४ लिलाम, मिन्हा र मर्मत सम्भार

३.५ वैदेशिक सहायतामा प्राप्त सामानको अभिलेख

३.६ सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS)

**४. राजस्व र धरौटी श्रेस्ता सम्बन्धी जानकारी**

४.१ संघ, प्रदेश र स्थानीय तहको संचित कोष र यसको संचालन

४.२ राजस्व दाखिला र राजस्व लेखा

४.३ राजस्वको केन्द्रीय हिसाब

४.४ राजस्व व्यवस्थापन प्रणाली (RMIS)

४.५ धरौटी आम्दानी र लेखांकन कार्यविधि

४.६ धरौटी सम्बन्धी व्यक्तिगत र गोश्वरा खाता

४.७ धरौटी सदस्याहा सम्बन्धी व्यवस्था

**खण्ड (C) : ४० अंक**

| |
|---|
| ६ प्रश्न × ५ अंक =३० अंक |
| १ प्रश्न × १० अंक = १० अंक |

**५. लेखा परीक्षण प्रणाली**

५.१ लेखा परीक्षणको परिचय, उद्देश्य एवम् आधारभूत सिद्धान्त

५.२ आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखा परीक्षण

५.३ लेखा परीक्षण सम्बन्धमा महालेखा परीक्षकको काम, कर्तब्य र अधिकार

५.४ नियमितता, बित्तीय र कार्यमूलक लेखा परीक्षण सम्बन्धी जानकारी

५.५ लेखा परीक्षणका नबिन अवधारणा ; सूचना प्रबिधि, वातावरणीय , विधि विज्ञान र समसामयिक लेखा परीक्षण

५.६ जोखिममा आधारित लेखा परीक्षण र यसको कार्यान्वयन

५.७ सरकारी लेखा परीक्षण मान (Public Sector Auditing Standard)

५.८ बेरुजु, बेरुजु फर्छ्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था

५.९ संघ, प्रदेश र स्थानीय तहको लेखा परीक्षण व्यवस्था

५.१० लेखा परीक्षण सम्बन्धी अन्तराष्ट्रिय संस्था ; ASOSAI/ INTOSAI

**६. लेखा तथा लेखा परीक्षण सम्बन्धी कानूनी व्यवस्था**

६.१ नेपालको संविधान

६.१.१ संघीय आर्थिक कार्य प्रणाली, प्रादेशिक आर्थिक कार्य प्रणाली र स्थानीय आर्थिक कार्य प्रणाली

६.१.२ संघ, प्रदेश र स्थानीय तहको आर्थिक अधिकार

६.२ लेखा परीक्षण ऐन, २०७५

६.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था

६.४ अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी कानूनी व्यवस्था

६.५ आय कर ऐन, २०५८

६.६ मुल्य अभिवृद्धि कर ऐन, २०५२

६.७ स्थानीय सरकार संचालन ऐन, २०७४

६.८ सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४

६.९ वित्तीय हस्तान्तरण व्यवस्था ऐन, २०७५, सुदूरपश्चिम प्रदेश

६.१० सुदूरपश्चिम प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५

६.११ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४

द्रष्टव्य : उल्लेखित विषयसंग सम्बन्धित संवैधानिक व्यवस्था र सम्बन्धित ऐन तथा नियमावलीका बारेमा सामान्य जानकारी राख्नु पर्ने छ।

यो पाठ्यक्रम **मिति २०७९।०८।२१गते बुधवार देखि** लागु हुने छ।

## भाग – २ : अन्तिम चरण (Final Examination)

### विषय : कम्प्युटर सीप परीक्षण ( Computer Skill Test)

**पाठ्यक्रमको उद्देश्य**

आजको वैज्ञानिक युगमा दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्या समाधानका लागि सूचना र सञ्चार प्रविधिसंग परिचित र न्युनतम् ज्ञान, सीप र धारणा भएको व्यक्ति हुन अपरिहार्य रहेको छ। तसर्थ देश विकासको मेरुदण्डको रुपमा रहेको निजामती कर्मचारी छनौट गर्दा आधारभुत कम्प्युटर ज्ञान र सीप भएको व्यक्ति छनौट गर्नु उपयुक्त हुन्छ। त्यसमा सहायक पाँचौं पदमा कार्यरत कर्मचारीहरुलाई कम्प्युटर सम्बन्धी गर्नुपर्ने सामान्य समस्याहरु हल गर्ने क्षमता हुन अनिवार्य देखिन्छ। त्यसैले अप्राविधिक तर्फका प्रशासन सेवा, सहायक पाँचौं पदको खुला प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा कम्प्युटर सीप परीक्षण प्रयोगात्मक परीक्षा समावेश गरिएको छ।

**प्रयोगात्मक परीक्षा योजना ( Practical Examination Scheme)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तुको शीर्षक | अंक | समय |
|---|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण(Computer Skill Test) | १० | प्रयोगात्मक ( Practical) | Devanagari Typing | ३.५ | ६ मिनेट |
| | | | English Typing | २.५ | ५ मिनेट |
| | | | Window basic and Word processing | ४ | ४ मिनेट |

**Contents**

**1. Windows basic**

- Introduction to Graphical User Interface.
- Starting and shutting down Windows.
- Basic Windows elements: Desktop, Taskbar, My Computer, Recycle Bin etc.
- Concept of files and folders.
- Searching files and folders.

**2. Word processing**

- Creating, saving and opening documents.
- Typing in Devanagari and English.
- Text formatting (font, size, color, underline, italic, bold etc.) and paragraph formatting (alignment, indentation, spacing)
- Inserting header and footer, page number
- Page setting (margin, page size, orientation), previewing and printing of documents.

## देवनागरी र EnglishTyping Skill Test को लागि निर्देशन

१. देवनागरीकोTyping Skill Test को लागि २०० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रति मिनेट – Correct Words/ Minute | पाउने अंक |
|---|---|
| ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | ० अंक |
| ५ वा सो भन्दा बढी र ८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | ०.५ अंक |
| ८वा सो भन्दा बढी र ११ भन्दा कम शुद्ध प्रति मिनेट बाफत | १ अंक |
| ११ वा सो भन्दा बढी र १४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | १.२५ अंक |
| १४ वा सो भन्दा बढी र १७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५ अंक |
| १७ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | १.७५ अंक |
| २० वा सो भन्दा बढी र २३ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | २ अंक |
| २३ वा सो भन्दा बढी र २६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | २.२५ अंक |
| २६ वा सो भन्दा बढी र २९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | २.७५ अंक |
| २९ वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बाफत | ३.५ अंक |

२. English Typing Skill Test को लागि २०० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रति मिनेट – Correct Words/ Minute | पाउने अंक |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | ० अंक |
| ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | ०.५ अंक |
| ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध प्रति मिनेट बाफत | ०.७५ अंक |
| १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | १ अंक |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | १.२५ अंक |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | १.५ अंक |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | १.७५ अंक |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | २ अंक |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बाफत | २.२५ अंक |
| ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बाफत | २.५ अंक |

३. अंग्रजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानि टाईप गरेको Text संग भिडाइ चेक गरिने छ। दिइएको अंग्रजी वा देवनागरी Text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरुले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। त्यसपछि निम्न Formula प्रयोग गरि शुद्ध शब्द प्रति मिनेट निकालिने छ।

**Formula**

शुद्ध शब्द प्रति मिनेट = (जम्मा शब्द – जम्मा अशुद्ध शब्द )/६ (Nepali Typing का लागि)

शुद्ध शब्द प्रति मिनेट = (Total words typed – Wrong words)/5 (English Typing का लागि)

यो पाठ्यक्रम **मिति २०७९।०८।२१गते बुधवार देखि** लागु हुने छ।

**समाप्त**